# नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

प.सं. २०७६/०७७ (योजना तथा अनुगमन) चलानी नं. ४३४

मितिः२०७७।०२।२०

विषयः- गरिबी निवारण कोषद्वारा प्रबर्द्धित सामुदायिक संस्थाहरुलाई सहकारी संस्थामा विकास गरी रोजगारी प्रवर्द्धन गर्ने सम्बन्धमा।

श्री स्थानीय तहहरु,
गरिबी निवारण कोषका कार्यक्रम लागू भएका सबै।

गरिबी निवारण कोषबाट प्रबर्द्धित सामुदायिक संस्थाहरुमा रहेको घुम्ती कोषको संरक्षण र प्रभावकारी परिचालन गरी उत्पादन अभिवृद्धि, आय आर्जन र रोजगारी सृजना गर्ने अभिप्रायले नेपाल सरकारको आगामी आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा देहायको व्यवस्था गरिएको छ।

१. <u>नीति तथा कार्यक्रमको बुँदा नं.९१ को व्यवस्थाः</u> "विभिन्न कार्यक्रम तथा आयोजनाहरुमार्फत समुदायस्तरका समूहहरुलाई उपलब्ध गराएको पुँजी रकम र समूहहरुले गरेको बचत रकमको लगत स्थानीय तहबाट अद्यावधिक गरी सो रकम रोजगारी सिर्जना, आय आर्जन र उत्पादनमूलक कार्यमा परिचालन गरिनेछ।"
२. <u>बजेट बक्तव्यको बुँदा नं.६८ को व्यवस्थाः</u>..गरिबी निवारण कोषद्वारा प्रबर्द्धित ६४ जिल्लाका ३२ हजार भन्दा बढी सामुदायिक संस्थाले परिचालन गरेको रु.१९ अर्ब घुम्ती कोषलाई बीउ पुँजीको रुपमा प्रयोग गरी स्थानीयस्तरमा आर्थिक गतिविधि सञ्चालन गर्न यी संस्थालाई सहकारी प्रणालीमा रुपान्तरण गरिनेछ। यसबाट कृषि, लघु तथा साना उद्योग क्षेत्रमा थप १ लाख ५० हजार रोजगारी सिर्जना गरिनेछ।"

यसै सन्दर्भमा गरिबी निवारण कोषको च.नं.१६९/०७६/७७, मिति २०७७/०२/२० को पत्रमार्फत उल्लिखित नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम लागू भएका स्थानीय तहहरुमा आगामी गाउँसभा/नगरसभामा छलफल गरी तदनुरुपका क्रियाकलापहरु वार्षिक कार्यक्रममा समावेश गर्न लेखिआएको हुँदा सन्निकट गाउँसभा/नगरसभामा तदनुरुप कार्यक्रम समावेश गर्ने व्यवस्थाका लागि निर्देशानुसार अनुरोध छ।

(शान्ति पौडेल)
शाखा अधिकृत

<u>बोधार्थ</u>
श्री गरिबी निवारण कोष, ताहाचल काठमाडौं ।
श्री सूचना प्रविधि शाखा, वेवसाइटमा अपलोड गरिदिनुहुन।